नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

विगत ३ दिनदेखि परेको अविरल वर्षाको कारण देशका कालिकोट, डडेलधुरा, कञ्चनपुर, बझाङ, बर्दिया, कैलाली डोटी, सुनसरी, दैलेख, दार्चुला, बाजुरा, सुर्खेत लगायतका १९ जिल्लाहरु प्रभावित भएका छन् । बाढी पहिरोबाट आज मिति २०७८/०७/०२ गते दिउँसो ४:०० बजेसम्म प्राप्त प्रारम्भिक विवरण अनुसार हालसम्म बाढी पहिरोबाट कालिकोटमा १ जना, डडेलधुरामा १, डोटीमा २ सुनसरीमा २ जना गरी ६ जना मृत्यु भएको छ भने ५ जना घाइते भएका छन् । ४ वटा घर पहिरोले पूर्ण क्षति भएको छ भने करिव ५०० घरपरिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । कतिपय जिल्लाहरुमा सञ्चार सम्पर्क, विद्युत सेवा, सडक अवरोध भएको कारण उद्धार कार्यमा कठिनाई भएतापनि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश सरकार, स्थानीय तहहरुको समेत सहयोगमा खोज उद्धार लगायतका सम्पूर्ण प्रयास भइरहेको छ ।

यसै परिस्थितिलाई दृष्टिगत गरी आजै माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा बैठक बसी प्रभावित जिल्लाहरुमा सम्पूर्ण नागरिकहरुको जीउ धनको सुरक्षाको लागि सवै सुरक्षा निकायहरुले संयुक्त प्रयास जारी राख्न एवम् नेपाली सेनाको हेलिकप्टरलाई प्रभावित स्थानहरुलाई मध्यनजर गरी तयारी अवस्थामा राख्न र राहत तथा उद्धारका लागि अन्य आवश्यक सामाग्रीहरु समयमै उपलब्ध गराउन सकिने गरी व्यवस्थापन गर्न माननीय मन्त्रीज्यूबाट निर्देशन भएको छ ।

वर्षा कायमै रहेको र अझै केही दिन कायम रहने भनी जल तथा मौसम विज्ञान विभागबाट जानकारी प्राप्त भएकोले तटीय र जोखिमयुक्त स्थानमा रहेका सम्पूर्ण नागरिकहरुलाई उच्च सतर्कता कायम राख्न गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

२०७८/७/२

फणिन्द्रमणि पोखरेल
सहसचिव/प्रवक्ता

मितिः २०७८/०७/०२